# निर्वाचन आयोग, नेपाल
# सहायक नाम दर्ता अधिकारीको कार्यालय
## झिमरुक गाउँपालिका भ्यागुते, प्यूठान

मिति २०७७।१०।१५

### मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धि

**सूचना। सूचना।। सूचना।।।**

यही मिति २०७७ माघ १५ देखि २१ गतेसम्म निर्वाचन आयोगले देशभरका सबै स्थानीय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम सञ्चालन गर्दैछ । उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते गाउँपालिकाको केन्द्रमा मतदाता नामावली प्रकाशन हुन्छ । २०७७ माघ १६ देखि १८ गते मतदाता नामावलीमा रहेको नाम वा विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनको लागि सूचना दिन सकिन्छ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ गते उजुरी दिन सकिने छ ।

तसर्थ, उपरोक्त अनुसारको निर्धारित मितिमा झिमरुक गाउँपालिकाको केन्द्रमा मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैलाई निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

यामलाल पोखेल
सहायक नामदर्ता अधिकारी